वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिा नि:शुल्क प्राप्त गर्न सम्पर्कनुहोस् ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ८५ ○श्रेणी 'क' ○२०७२ पुस १० गते शुक्रबार ○ 24 Dec. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

**खुशीको खबर !!!**

योग निद्रा सिकेर आफ्नालाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुलुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफ्नालाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८५६१०३२१६

## कांग्रेसका पूर्वसहमहामन्त्री खड्काले कास्कीका नेता,कार्यकर्तामाझ भने

# कोइरालाले आफू र पार्टीलाई धुलोमा मिलाए

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ९ पुस ।

नेपाली कांग्रेसका पूर्व सहमहामन्त्री एवं पूर्व गृहमन्त्री पूर्णबहादुर खड्काले पूर्वप्रधानमन्त्री एवं पार्टी सभापति सुशिल कोइरालाले नेपाली कांग्रेसलाई धुलोमा मिलाएको आरोप लगाएका छन् । उनले कांग्रेस नेतृत्वको सरकार गठन गरेर सफलताको शिखरमा पुगेको पार्टीलाई सभापति कोइरालाले धुलोमा मिलाएको बताए । संविधानसभाको दोस्रो निर्वाचनपछि सरकार गठन हुँदादेखि भएको सहमति, दलबीच भएको १६ र ७ बुँदे सहमति विपरित गएर कांग्रेसले अहिलेसम्मको उपलब्धि र जस गुमाएको उनको भनाइ थियो । 'संविधान जारी गरेपछि एमालेलाई सत्ता हस्तान्तरण गर्ने, एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउने सहमति भएकै हो', कास्की कांग्रेसका कार्यकर्ताहरु माझ विहीवार पोखरामा बोल्दै उनले भने-'संविधान जारीपछि पनि दलबीच के के गर्ने भन्ने सहमति भएकै हो तर कांग्रेसले सहमति लत्यायो ।' संविधान जारी गरेर शिर ठाडो गरेर जस लिने कांग्रेसले संविधान कार्यान्वयन गर्ने वेलामा दलबीचको सहमति तोडेको आरोप लगाउँदै उनले भने,-सहमतिअनुसार नै अगाडि बढुनुपर्छ भनेर भन्दा महामन्त्री र आफूलगायत सहमतिको पक्षमा उभिने नेताले गल्ती गरे भनिएपनि हामीले गल्ती गरेका छैनौं ।' उनले भने-'मैले पटक-पटक उहाँलाई सचेत गराउंदा-गराउँदै पनि मान्नुभएन । अन्तैको गाइण्ड डिजाइनमा चल्नुभयो त्यसले उहाँले संविधान निर्माण गर्दा कमाउनु भएको हाइट त घटाउनुभयो पाटीलाई समेत ठूलो नोक्सानमा पुऱ्याउनुभयो ।' उहाँले प्रधानमन्त्री चुनावको दुर्दिन आँधिको केन्द्रीय समितिको बैठकमा केही भन्नुभएन, भोलिपल्ट पदाधिकारी बैठकमा समेत केही बोल्नुभएन, प्रधानमन्त्री बन्ने कि राष्ट्रपति बन्ने ? भनेर सोझा समेत

तस्वीर : हरि पन्त

## खड्का धम्पुसमा,पौडेल पोखरा आउँदै

*नेपाली कांग्रेसको १३ औं महाधिवेशन नजिकिँदै गर्दा देश दौडाहामा निस्कएका नेता पूर्णबहादुर खड्का कास्कीको धम्पुस गाउँमा पुगेका छन्। नेपाली कांग्रेस कास्कीको कार्यकर्ता भेटघाट कार्यक्रमका लागि पोखरा आएका खड्का पर्यटकीय गाउँ धुम्पुस पुगेका हुन् । नेता खड्काले नेपाली कांग्रेसको १३ औं महाधिवेशन, संविधानको कार्यान्वयनमा देखिएको चुनौति, भारतीय नाकाबन्दी र वर्तमान समसामयिक राजनीतिक विषयमा कार्यकर्तालाई प्रशिक्षण दिदै आएका छन् । नेपाली कांग्रेस धम्पुस गाउँ इकाइ समितिका सभापति शुकबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा महाधिवेशन प्रतिनिधि गुरु बराल, व्यवसायी विश्वशंकर पालिखे, नेविसंघका केन्द्रीय सदस्य गोविन्द एलसी लगायतले बोलेका थिए । नेता खड्का नेपाल तरुण दल धम्पुस गाउँ इकाइका सभापति प्रकाश गुरुङको घरमा बास बसेको बताइन्छ ।*

*यसैबीच नेपाली कांग्रेसका उपसभापति एवं पूर्व उपप्रधानमन्त्री रामचन्द्र पौडेल आज शुक्रबार पोखरा आउने भएका छन् । लोकान्तिक छाप्रा माध्यम राष्ट्रिय समाजको पश्चिमाञ्चल भेलाको उद्घाटन गर्न उनी शुक्रबार पोखरा आउने भएका हुन् । भेला दिनको २ बजे पोखरा मुस्ताङचोकस्थित होटल लगेसीमा हुने बताइन्छ ।*

दलहरुमा छलफल गछु भनि निर्णय गरेर भनौला भनेर टार्नुभयो । तर चुनाव हुने अघिल्लो दिन एकाएक प्रधानमन्त्रीको उम्मेदवारी घोषणा गरी संसदमा पुग्नुभयो । म त आश्चर्यमा परें । नेता खड्काले भने । एमाओवादी र कांग्रेसबीच छलफल हुंदा एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समेत 'सुशिलजी अघिको केन्द्रीय समितिको बैठकमा केही भन्नुभएन, भोलिपल्ट पदाधिकारी बैठकमा समेत केही बोल्नुभएन, प्रधानमन्त्री बन्ने कि राष्ट्रपति बन्ने ? भनेर सोझा समेत भूमिका निर्वाह गर्नुस्' भनेर सुझाव दिएको नेता खड्काले स्मरण गरे । उनले प्रधानमन्त्रीमा उम्मेदवारी नदिनुस् पछि छोगाबाट खसेको अनुभव गर्नुपर्ला भनेर चेतावनी दिदा समेत कोइराला पछि नहटेको बताए । आफूले सह-महामन्त्री पदबाट राजीनामा दिएको कारण बारे कार्यकर्तालाई स्पष्ट पार्दै उनले भने-'म २० वर्षदेखि नै सुशिल कोइरालाको पक्षमा बकालत गर्दै आएँ, उहाँको हरेक काममा साथ दिदै आएँ, २० वर्ष अघि तत्कालिन सभापति गिरिजा प्रसाद कोइरालाल र कृष्णप्रसाद भट्टराईले किन सुशिलको पछि किन लागेको ? भनेर स्पष्टिकरण लिंदा समेत सुशिलले लिएको बाटो सही लागेर उहाँको पछि लागेको हुँ भन्दै आएं । तर सविधान घोषणापछि पार्टी र सभापति सुशिलको उचाइ र गरिमा उच्च भएको वेला प्रधानमन्त्रीमा होइन राष्ट्रपति बन्दा राम्रो हुने सुझाव दिंदा समेत नमानुभ एकलले राजनीतिक नैतिकताको आधारमा राजीनामा दिएको हुँ ।' कोइराला भइ सहमतिबाट पछि हटेका कारण सहमति गर्दाका विभिन्न छलफलमा सहभागी मैले नैतिकताको आधारमा राजीनामा दिएको हुँ'उनले भने-'कोइरालाको प्रस्तावमा म सहमहामन्त्री भएको हुँ । तर अहिले मलाई त्यो पदमा वस्न नैतिकताले दिएन ।'

संविधान निर्माणमा आफूले ठूलो भूमिका खेलेको बखी गर्दै नेता खड्काले संविधान जारी हुन्छ या हुँदैन भन्ने अन्यौलका अवस्थामा आफुनो पहलले सार्थक काम गरेको बताए । उनले भने-'दलहरुबीच पटक-पटक संवाद संवाद भयो तर नेताहरु निर्णायक तहमा पुग्न सकेका थिएनन् । कांग्रेस, एमाले र एमाओवादी बैठकमा मैले गरेको पहल कै कारण सवैदलहरुले १६ बुँदे सहमति गरेका हुन् ।'

संविधानमा कनैपनि दलको मुद्धा पुरा नसमेटिएको भन्दै उनले संविधानमा कहाँ के समस्या छन् संशोधनमार्फत अघि बढ्न सकिने स्पष्ट पारे । नेपालको संविधान अमेरिका, भारतको संविधान भन्दा बढी लोकतान्त्रिक र समावेशी भएको उनले दावी गरे । नेता खड्काले भने-'नेपालको संविधान जारी गर्दा ९० प्रतिशत सभासदहरुले हस्ताक्षर गरे । अमेरिका र भारतको संविधान जारी गर्दा जम्मा ६० प्रतिशतले मात्र समर्थन गरेका थिए ।'

कांग्रेस गुट र उपगुटबाट यस्त हुँदा विभिन्न खालका समस्या आएको भन्दै नेता खड्काले १३औं महाधिवेशनबाट त्यसको अन्त्य हुनुपर्नेमा जोड दिए । 'पाटी ६० र ४० को भागवण्डामा चल्दा सोचेजस्तो अघि बढ्न सकेन ।', उनले भने-'कांग्रेसभित्र अब पनि त्यहि रवैया दोहोरिने हो भने कांग्रेस पाटीलाई नोक्सान त पुऱ्याउँछ नै मुलुक समेत गम्भीर मोडमा पुग्छ ।'

मुलुकमा भएका परिवर्तनलाई आत्मसाथ गर्दै अघि बढ्न सक्ने र नयाँ संविधानलाई कार्यान्वयन तहमा

**बाँकी ३ पृष्ठमा.....**

## नगरपालिकाका कर्मचारीसंग कार्यसम्पादन सम्झौता

✍गोल्डेन न्यूज संवाददाता
पोखरा ९ पुस ।

पोखरा उप-महानगरपालिकाले कार्यालयका महाशाखा र शाखा प्रमुखहरुसंग कार्यसम्पादन करार सम्झौता गरेको छ । करारमा सम्बन्धित कर्मचारी एवम् पोखरा उप-महानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले हस्ताक्षर गरेका छन् ।

नगरपरिषदको निर्णय, कार्यालयबाट जारी सुधारको तत्कालिन योजना तथा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयसंग भएको कार्यसम्पादन करार बमोजिम पुष ९ गतेदेखि लागू हुनेगरि उक्त सम्झौता गरिएको पोखरा उप-महानगरपालिका कार्यालयले जनाएको छ । प्रभावकारी सेवा प्रवाह एवम् आर्थिक योजना अनुरुप तत्काल सेवाग्राहिहरुमा देखिने गरि काम गर्नका निम्ति कर्मचारीहरुलाई जवापदेही बनाउनका निमित्त पनि करार सम्झौता प्रभावकारी हुने कार्यकारी अधिकृत झलकराम अधिकारीले जानकारी दिए ।

उनका अनुसार करारमा ३ दिनदेखि ६ महिनासम्मका सम्पादन गर्नुपर्ने आर्थिक योजनाहरु समावेश गरिएका छन् । कार्यकारी अधिकृत अधिकारीका अनुसार सूचना तथा विज्ञापनको मापदण्ड तयार गरेको हुने, शाखागत क्षतिपूर्ति सहितको नागरिक वडापत्र तयार गरेको हुने, पोखरा विकास प्रभावकारिता पुरस्कारको गठन र छलोटको मापदण्ड तयार गरेको हुने, प्राविधिक शाखाको वर्तमान संरचना वान डोर सिस्टम हुने, क्षमता विकास केन्द्र संचालनमा आएको हुने भनि सम्झौता भएको छ। यसैगरी नगर प्रोफाइल, आर्थिक नगर विकास योजना यातायात गुरुयोजना तयार गरि पेश भएको हुने, कर्तीमा १० वटा पार्कको ममेत कार्य शुरु भएको हुने, प्लाष्टिक झोला निषेधको निर्देशिका तयार भएको हुने, एजेन्सीको डेस्क गठन भएको हुने, वालमैत्री कक्षको स्थापना भएको हुने, कर्मिमा ५ वटा वडाको घर नक्सा पुर्णत डिजिटलाइज भएको हुने भनि समेत सम्झौता भएको अधिकारीले जानकारी दिए ।

सडक ममेत कार्ययोजना निर्माण भएको हुने, कर्मिमा १२ वटा वस प्रतिक्षालय निर्माण भएको हुने, थप भएका वडाहरुको सार्वजनिक जग्गाको एकीकृत लगत वनाइ पेश गर्ने, कर्तीमा ४ वटा सार्वजनिक खुल्ला जग्गाको पहिचान गरि संरक्षण शुरु गर्ने, पृथ्वीनारायण क्याम्पस क्षेत्रको वसपार्क स्थानान्तरण भएको हुने, वेरुजु लगत अधारवधि भएको हुने लगायतका वुँदाहरुमा कार्य समेत गर्नेगरि कर्मचारीहरुले हस्ताक्षर गरेका छन् । छाडा पशु चौपाया नियन्त्रण, फटपाथ व्यवस्थापन, *मासु*

**बाँकी अन्तिम पृष्ठमा.....**

**शहीद गंगालाल हृदयरोग केन्द्र वसबारी काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा**

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइरहनु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन दुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई दुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेञ्जी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

विरामी जाँच : २०७२ पुस ११ गते शनिवार
समय : विहान ४ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
**परिवित मेडिकल हल**
पालिखेचोक, पोखरा, फोन : ९८४६०४१२९४

**तुरुन्त आवश्यकता**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित **चिनारी थकाली भान्छाघर**का लागि निम्न कर्मचारी आवश्यक परेकोले इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

| क्र.सं. | पद | संख्या |
|---|---|---|
| १. | वेटर | केही |
| २. | डिसवासर | केही |

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०५

**कोरियन भाषामा भर्ना खुल्यो**

नेपाल सरकाबाट कोरिया भाषाको स्वीकृति प्राप्त
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका स्थातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

शुरुमा आउनेलाई विशेष छुट

सम्पर्क
**प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट**
न्यूरोड, पोखरा (पृर्णिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसंगै)
फोन : ०६१-५२०८५२, ४८७५१४४६२३, ४८४६०७७६१४

**BABIN TAILORING**
Shirting & Suiting

बबिन टेलरिङ्ग मै किन ?

- तपाईले चाहेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- बढीको माया, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर कन्फिर्म अफिस, बैंक, कलेज, स्कुल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

हाम्रो थाहापो धर्मै बबिन टेलरिङ्गको सिलाई भिन्नछ...

बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग
पुतलीबजार, बेसी
फोन: ०६१-५२०५०३

DHGAMI ASHWINI OCM Bindhi

**शुभ्रमा आउनेलाई विशेष छुट**

**गुदद्वार (पायल्स) का विरामीहरुको उपचार सेवा !**

**यहि पौष १० र ११ गते**

काठमाडौंका **वरिष्ठ गुदद्वार (पायल्स) क्षार सूत्र विज्ञ डा. हरि शरण अर्याल** आउनुहुने भएकोले **पायल्स तथा गुदद्वार**मा कुनै पनि नयाँ तथा पुराना समस्या भएका विरामीहरुले उहाँसँग **परामर्श** राशी स्वास्थ्य लाभ लिनुहोला ।

**परिक्षण गरिने समस्याहरु :**

- दिशा गर्न गाह्रो हुने, दिशा गर्दा रगत आउने, दिशा राम्रोसँग नखुल्ने, गुदद्वार दुख्ने, पोल्ने, चिलाउने ।
- गुदद्वारमा मासु पलाएको, फाटेको, पिप आउने, घाउ पिलो भए जस्तो हुने, दिशा गर्दा मासु बाहिर आउने ।
- गुदद्वार चिलाउने, पोल्ने, दिशा गरिसकेपछि दुख्ने ।
- पायल्स, फिस्टुला, फिसरको अप्रेशन पछि पनि समस्या भएका हुने ।
- गुदद्वारमा बढेको मासु पुन नदोहोरिने गरी विना अप्रेशन निकाल्ने व्यवस्था ।
- हस्पिटलमा भर्ना भएर बस्नु नपर्ने । चिल्लो माछा मासु खाँचा पनि उपचार पछि समस्या नहुने ।




समय विहान : बिहान ८ :00 बजेबाट बेलुका ५ :00 बजेसम्म (फोनबाट पनि थाल दर्ता गराउन सकिनेछ ।

**पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रचोक पोखरा रंगशाला २ नं. गेट नजिकै (आरोग्यधाम हस्पिटल सँगै)
फोन नं. ०६१-४३२२४२, ४३०२४२, ९८५६०२६७४०

**नयाँ भर्ना सम्बन्धी सूचना !!!**

नेपाल सरकार तथा सि.टि.ई.भि.टि बाट मान्यता प्राप्त यस **हिमालयन कलेज अफ हस्पिटालिटी म्यानेजमेण्टमा** १८ **महिने डिप्लोमा** तहमा तल दिइएका विभिन्न विषयहरुमा जनवरी शत्रका लागि नयाँ भर्ना खुलेको सम्बन्धित सबैमा जानकारी गराउँछौं।

| क्र.सं. | विषय | कक्षा संचालन |
|---|---|---|
| १. | [illegible] | [illegible] |
| २. | [illegible] | [illegible] |
| ३. | [illegible] | [illegible] |

**हाम्रा विशेषताहरु:**

१. स्वदेश तथा विदेशमा अध्ययन गरि लामो समय विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय होटलहरुमा काम गरि सकेका शिक्षक तथा प्रशिक्षकहरुद्वारा अध्यापन तथा प्रशिक्षण गराइने।
२. अत्याधुनिक प्रयोगशाला तथा सामाग्री प्रयोग गरि प्रशिक्षण गराइने।
३. समय समयमा स्वीट्जरल्याण्ड बाट विज्ञहरु ल्याई शिक्षण तथा प्रशिक्षण गराइने।
४. नेपालका विभिन्न होटलहरु तथा चीन, मलेशिया, भारत, श्रीलंका तथा थाइल्याण्डमा छ महिने Paid Internship तथा जागिरको ग्यारेण्टी गरिने।

विस्तृत जानकारीको लागि:
**हिमालयन कलेज अफ हस्पिटालिटी म्यानेजमेण्ट**
महेन्द्रपुल (घोरेपाटन बस स्टप सँगै), पोखरा, फोन: ०६१-५२१२५५ तथा मो.९८४६०७६९१७

# कविता

## मेरो देश

भूपी शेरचन

जहां
हिउं परेको रातमा
जून, धरतीलाई भेट्न
हिमकणहरुको साथमा
मुस्कुराउंदै ओह्लो भच्छ,
र धरतीलाई सबैलाइ हांसिको पाएर
झन् बढी मुस्कुराएर
आकाशमा फर्केर गर्छ
जहां
आलुबखडाका हांगा-हांगामा
फुल्दछन् कुखुराका चल्लाहरु
जहां
मृगमरीचिका पछि लाग्नेहरुको यादमा
रुन्छन् धूपी र सल्लाहरु
जहां मुटुको स्पन्दनभैं उघ्री-उघ्री
खेल्दछन् मृगशावकका हूल
जहां पहराबाट छहरामे
खोलामा हाम्फाल्दछ
जहां- रातमा पनि हिमचुलीले
आंगनमा घाम पाल्दछ
जहां
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ
जहां
स-साना नदीहरुमा पनि
तूफानी समुद्रको वेग हुन्छ
जहां
बट्वालाई प्रत्येक भ्याइवाट
भ्याउंकीरीले गिज्याउने गर्छ,
प्रत्येक अंधेरी पंधेरोमा
जूनकीरीले ज्योति फिजाउने गर्छ
जहां शीतल हावामा बुई चढेर
कस्तूरीको सुगन्ध हुल्दछ
जहां
एकबाजि आएर
घर फर्कन वसन्त भुल्दछ
जहां
बट्वालाई भन्याइमा रोकेर
हिमाल पछा हम्कन्छ
जहां
एक-अर्काको मुख हेरेर
नीलगिरि र धालागिरि चम्कन्छ
जहां
प्रत्येक रातमा आकाशले
मङ्गल-दीप सजाउंछ
जहां प्रत्येक भोरमा धरतीले
एक गोरो छोरो जन्माउंछ
जहां
हरिया-हरिया पहाडका फरिया
अलिक तल सारेर
निर्मल, स्वच्छ र न्यानो घाममा
हिमालले सधैं ढाड सेकेको हुन्छ
म जति टाढा भए पनि त्यो मेरो देश
सधैं मेरो मनले
सपनामा पाइला टेकेको हुन्छ।
**(२०७७–सङ्ग्रम)**

# आजको पञ्चाङ्ग

**मिति २०७२ साल पौष १० गते शुक्रवार, तदनुसार दिसाम्बर २५ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कौलकनामकः संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। हेमन्त ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको पूर्णिमा तिथि २४ घटि ३९पला अर्थात दिनमा ४ बजेर ४५ मिनेटसम्म त्यसउपान्त प्रतिपदा तिथि लागनेछ। आज सूर्य धनु राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र हिमालले सधैं ढाड सेकेको हुन्छ म जति टाढा भए पनि त्यो मेरो देश सधैं मेरो मनले सपनामा पाइला टेकेको हुन्छ। रहनेछन्। आज दिनमान २५ घटि ५० पलाको रहनेछ। आज सर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४३ मिनेटमा विभिन्न मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १३ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : विद्यामा प्रगति हुनेछ, प्रेम पसङ्गमा सफल रहनेछ, यात्रा फलदायी, आर्थिक वृद्धि हुन सक्ने, दिन शुभ छ।

**वृष** : यात्रु भाइमा मनमुटाव हुन सक्ने, धन हानीको योग रहेकोछ, अपजस आइ लाग्ने, मानसिक असन्तोष हुने।

**मिथुन** : आरोग्यता, एक्कासि धनलाभ हुन सक्ने, इष्टत्रिसंग भेटघाट हुनेछ, कार्यमा सफलता मिल्नेछ, दिन रामो छ।

**कर्कट** : आफन्तसँग झगडा हुने, कार्यमा विघ्नबाधा आइलाग्ने, पेट वा कम्मर रोगले सताउनेछ, सतर्क हुनुहोला।

**सिंह** : यात्रा असफल, खानामा गडबढी हुन सक्ने, कार्य अधुरा रहनेछन, छोराछोरीले सताउने, वायु रोगले सताउने।

**कन्या** : सुसेको धन हातलाग्ने, पारिवारिक सहयोग पाइने, यश कीर्ति बढ्ने, पढाइमा मनजाने दिन रामो छ।

**तुला** : समाजमा झगडा बढ्नेछ, इज्जतमा आँच आउने, मन चञ्चल रहनेछ, पेट रोग लाग्ने, सतर्क रहनुहोला।

**वृश्चिक** : धन प्राप्ति, सबै प्रकारको कार्यमा सफलता, हर्ष र खुशीका समाचार सुन्नुपर्ला, साथीभाइको सहयोग पाइने।

**धनु** : व्यापार व्यवसायमा घाटा, आफन्तले नै विरोध गर्ने, काम अधुरा रहनेछन्, स्वास्थ्य राम्रै रहेपनि मनमा अशान्ति हुने।

**मकर** : शत्रुमाथि विजय, घरमा नयाँ चहलपहल, धनलाभ, सबै काममा सफलता, समयको सदुपयोग गर्नुहोला।

**कुम्भ** : शोक पर्ने समाचार सुन्नुपर्ला, एक्कासी विवाद पर्ने, नकारात्मक सोचाइले शत्रु वृद्धि हुने।

**मीन** : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

# साहित्य/सिर्जना

## भूपीको अन्तिम धोको र केही व्यङ्ग्यात्मक सन्दर्भहरू

असफल गौतम

चाहे कवि भूपी शेरचनले अन्तिम पटक २०४६ वैशाख १५ गते सुरेन्द्रबहादुर चौचनलाई दिएको अन्तर्वार्तामा होस् चाहे रेडियो समरमाथाको साहित्यिक कार्यक्रममा व्यक्त गरिएको कुरा होस् उनी अझै धेरै लेख्न चाहन्थे। आखिर उनको लेखाई घुम्ने मेचमाथि अल्झी मान्छे देखेपछि सबै तर्सिसकेका थिए। साझा प्रकाशनले प्रकाशन गरेको उनको कृति साझा प्रकाशनको पहिलो साझा पुरस्कार नै हात पारेको थियो। आमाको वियोगलाई हटाउनका लागि उनले अपनाएको नसा सेवनको बाटो नै घातक बन्न पुग्यो जसको कारण उनी अल्सर, सुगर, युरिक एसिडबाट पीडित बने। वि.स. २०४४ जेठ १ गते नारायणचौर, नक्साल काठमाडौंमा एक मन्तव्य लेखेका थिए। जहां उनको अन्तिम धोको व्यक्त भएको थियो। कवि भूपी शेरचनप्रति श्रद्धा र सम्मान गर्दै थकाली सेवा समितिले पोखराको सभागृहचोकस्थित डेनिज रेष्टुरेण्टमा एक कार्यक्रम आयोजना गरेको थियो। जहां वक्ताका रुपमा अग्रज संस्कृतिकी चेतन काकीलाई निम्त्याइएको थियो। उक्त समारोहमा वक्ता काकीले भनेका केही रमाइला सन्दर्भसहित खोजी, अनुसन्धान र अध्ययनको क्रममा भेटिएका उनका धोका र केही व्यङ्ग्यात्मक सन्दर्भहरूलाई प्रस्तुत आलेखमा प्रस्तुत गर्ने जमकों गरिएको छ।

**जी अनाडि मु:** स्वाङ्जाको बहोटारीका चेतन काकी पछिल्लो समय उनका अभिन्न मित्र बन्न पुगे। काकी विभिन्न कार्यव्यस्ततामे पोखरा आउने जाने क्रम निरन्तर चलिरहेको थियो। सोही सन्दर्भमा भूपी शेरचनसँग भेट भयो। त्यसभन्दा पहिला काकीले भूपीसँग साक्षात्कार गर्ने मौका पाएका थिएनन्। जब काकी र शेरचनको चिनाजानी भयो एक अर्कामा त्यसपछि उनीहरूमा आत्मियताको भाव जाग्दै गयो। आफूभन्दा सम्पन्न परिवारलाई आदरसत्कार गर्ने नेपाली परम्परालाई काकीले पनि शिरोधार्य गरे। शेरचन र काकीको विभिन्न समयमा पोखरामा भेट हुने क्रम वाक्दैवै थियो। सोही सन्दर्भमा उनीहरू धुपै रातहरू मेरी बिताउन थाले। विस्तारै साझियता बाक्लो हुँदै गएपछि पोखरामा भेट हुने क्रम निरन्तर चलिरहयो। कोही समय बेलुका र केही रात बिताउने दिनहरू आउन थाले जति साझियता बढ्दै गयो उति व्यवहारिक रूपमा चिनजान हुँदै गयो। सोही क्रममा समय काट्ने माध्यम कोही समय कोठीका भोल बन्न थाल्यो। काकीले भूपीप्रति सदा सम्मानको भाव व्यक्त गर्थे। उनीहरूको मित्रता ज्यादै नजीकिएको थियो। काकी भन्छन्: 'चिनजानको छोटो समयमा नै म भूपीको सबैभन्दा नजिकको साथी बन्न पुगे। निरन्तर भेट हुने क्रममा उनले सम्बोधनको पछाडि जहिले पनि भूपीजी भनेर आदरसाथ गर्न थर्थे तर एकदिन भूपीले मलाई भने हामी अब साथी बनी सकेका छौं। त्यसैले बोलाइमा साथीको भाव व्यक्त गर्नु यदि मलाई भूपी जी, भूपी जी भनेर सम्बोधन गर्ने क्रम बन्द भएन भने मैले जी को अगाडि मु जोड्ने छु।'

**मैं अन्लो:** भूपी निकै रमाइला व्यक्तित्व थिए। उनी बनारसमा बस्दा अस्सी भन्ने टाउँकी हीराचाबुको होटलमा खान खाने गर्थे। सो बेलाका भूपीका साथी काठमाडौंका श्यामप्रसाद अधिकारी, महेशकुमार उपाध्याय, द्रोणराज शर्मा र माधव गौतम थिए। ती मध्ये भूपीका अत्यन्त मिल्ने साथी श्यामप्रसाद अधिकारी थिए। उनीहरूको डेरावाट होटल पाँच मिनेट पर पथ्थे। खाना खाइसकेपछि पान खान भौंमन्थे सदै पान पसलेको ऐना सामुने उभिई की भन्दा की अस्सी भनी लट्ठे गर्थे। अन्तिम निर्णय दिने पसले थियो। पाठेघासे भूपी अस्लो, श्यामप्रसाद अस्सी भनेर दुवैलाई खुसी तुल्याइ राख्थ्यो। उनी आफू ठुलो भएको भनेको वेला निकै खुसी हुँदै उफ्रिन्थे र भन्थे 'मै अस्लो'

**क्याप्टेन चुरोट र कोला :** भूपी पैसा भए कन्जुस नगर्ने, नभए दुख गर्न पनि सक्ने उनको प्रवृत्ति थियो। यस्तै एकपटक साथी श्यामप्रसाद अधिकारीसँग श्याम भाइ म नौतवना गई आइतको मुन्सीको टाउको फोर्छु, २५ रूपैयाँ पैचो देऊ त र भनेर पैसा पैचो माग्यो। मुन्सीलाई उनले दिएको पैचो पैसा मात्रपुर्ने थियो। आफूलाई पैसाको खाँचो परेपछि उनी पैसा मान्नका लागि जान तयार रहे। श्यामप्रसादले पैसा पनि दिए त्यो मात्र होइन उनलाई साथैमा लिएर गए। गान्धी क्लास इम्मामा नौतवना पुगे। मुन्सीलाई उनले दिएको पैसा पचाइसकेको समय भए पनि उनको रिस मत्थर भइसकेको थिएन। उनले मुन्सीसँग एक हजार भाक्क लिए। त्यसपछि फर्किदा रेलको फस्ट क्लास टिकट काटे। क्याप्टेनकै चुरोटको डब्बा किने र बुकस्टलबाट एक डङ्गुर महङ्गा पर्चिका किनेका थिए। खाना क्याटरिङ्ग सर्भिस केलरुलाई अडर गरेर किकार्ट बसिरहेका बेला स्टेशनमा मङ्गोल कदका नेपालीले फलफूल बेच्ने दृष्टिले ए बहादुर वा ए साथी भन्ने गर्थे। केरा व्यापारीले शेरचन बसेको डब्बाको भ्यालमा आई पटक-पटक ए साथी, केला खाओ भकाभक, केला खायो भकाभक भनी जिस्काएको भुपीलाई मन नपरेपछि डब्बाबाट ओर्लेर केरावालाको कठालो समातेर मुडकी चिउरा खुवाएछन् पसलेले भूपीलाई कुटन लागेको वेला श्यामप्रसादले पुलिस बोलाए र शान्त बनाए।

**चारैतिर पानी:** भूपीको व्यङ्ग्य सबैलाई थाहा थियो। त्यस्तै प्रसङ्ग अनेकौं छन्। नेपाली छात्र सङ्घको एउटा समारोहमा भूपीले लेखेको नाटकको मञ्चन गर्नुपर्ने समयमा निर्देशक र हिरोको रोलमा भूपी आफैं र हिरोइनमा स्कूल पढ्ने कन्याको निधो थियो। अन्तिम अवस्थामा ती कन्या नखेल्ने भएपछि विश्वविद्यालयमा पढ्ने कुनै नेपाली केटीले हिरोइन बन्न नमानेपछि केटीहरूलाई च्यालेन्ज गर्नेका लागि उनका साथी श्यामप्रसादले केटीकी भूमिका गरिदिए। उनलाई तुसा रगाने साडी र शृङ्गार गरिदिइन्। नाटक समापन भयो त्यसकी अन्त्यमा निर्देशक भूपीले एउटा अग्रज कविको प्यारीडीको रूपमा 'पानी-पानी

चरैतिर पानी, नाटक खेल्न तयार भएनन् कोइ पनि हिरोइन नानी' भनेर समापन गरे। जुन अभिव्यक्ति समारोहमा उपस्थित केटीहरूका लागि व्यङ्ग्य र दर्शकहरूका लागि मधुर मनोरञ्जन थियो।

**रङ्गशिला स्टुडेन्ट:** भूपीलाई बनारस विश्वविद्यालयमा आयोजित भारतीय विद्यार्थीहरूको गोष्ठीमा कविता पढ्नका लागि आमन्त्रण गरिएको समय थियो। भूपीले आफ्ना साथीलाई पनि लिएर गए। उनका साथी हिन्दी कवि गोष्ठीमा नेपाली कविता कसले बुझ्छ र भाग लिन जविद्धी भनेर सोधेका थिए। त्यसपछि हिन्दुस्थानी पनि सुनाइदिन्छु भनी गए। नामदु कविवरू, निराला वेद्य बनारसी, वेधडक बनारसी आदि कविले आफ्ना कविता सुनाएपछि भूपी आफ्नो हिन्दी कविताको छोटो परिचय दिदै यो कविता आजका स्टुडेण्टकोवरे लेखिएको हुँदा उनैलाई समर्पित गर्छु भनेर सुरू गरे जुन कविता यस्तो थियो:

*वह देखो आरहा है रङ्गीला स्टुडेन्ट*
*पहर कर जर्किन और फुटपैन्ट*
*भाड चला है बदनपर सेन्ट*
*करता सायकल सडकपर एक्सिडेन्ट*
*वह देखो आरहा है रङ्गीला स्टुडेन्ट*
*होटल जाता है, आमलेट उडाता है*
*और गर पडराया कभी गोल्डेन चान्स*
*मिनिस्टरका शमाद बताता और,*
*गयरनको बताता अपना साला,*
*वह देखो आरहा है रङ्गीला स्टुडेन्ट*
*खत लिखते बापत जानको*
*पढ़ने मे मसगुल हुं,*
*इधर लिखते मासुके जानको*
*तेरो चरणोंका धुन हुं*
*वह देखो आरहा है रङ्गीला स्टुडेन्ट ...*
*पिकनिक जातेहैं भाग और वियर उडाते है*
*होस्टल पहुँचले बाह बजे रात*
*पार्टनर सुनाता दो चार बात*
*माडकर बाह अदा के साथ ले के आहें*
*वह कहता अमा यार मुहब्बत बडी चुरी चिज होती है*
*ससुरी रात रातभर मुझे जगाकर*
*खुद होस्टलमे सोती है*
*वह देखो आरहा है रङ्गीला स्टुडेन्ट ...*

बनारस विश्वविद्यालयको त्यो खचाखच भरिएको हल तालिको गडगडाहटले गुन्जियो। चरैतफेबाट ओस्स मोर, ओस्स मोरको आग्रह सुन्दा भूपी विश्वविद्यालयका छात्र छात्रा माझ हिरो नै भएं त्यसपछि उनलाई विश्वविद्यालय प्राङ्गण होस् वा चाटीघाटीमा देख्दा 'वह देखो आरहा है रङ्गीला स्टुडेन्ट' भन्न थाले।

**बौलाहमा अङ्ग्रेजीवाद:** भूपीले आफूलाई सर्वहारा भनेर परिवर्तन नाटकबाट चिनाएका थिए त्यो हिसाबले उनलाई प्रगतिशील मान्नेहरू धेरै थिए। सोही समय सोही धार समातेको अखिल बनारस छात्र सङ्घको एक कार्यक्रम थियो। जसको सम्पादक मण्डलमा आजका प्रसिद्ध साहित्यकार डा. तारानाथ शर्मा, बालकृष्ण पोखरेल, केशराज रेग्मी, चुडामणि रेग्मी, शान्तनु पन्त, भूपी शेरचन, बल्लभमणि डाहाल र श्यामप्रसाद अधिकारी पनि थिए। अध्ययन मण्डलको काम कर्तव्यबारे छलफल गरेपछि सो कार्यक्रमको विषय थियो। के साम्यवाद सबै सामाजिक आर्थिक र राजनीतिक समस्याको रामबाण हो सो विषयको सहमतिमा र विमतिका तर अंग्रेजीमा बोल्नुपर्ने थियो। अंग्रेजी भाषाको वस कार्यकर्ता भेला संस्कृत पढ्ने विद्यार्थीले खुबै आलोचना गरे। तर पनि अङ्ग्रेज वाजरूको कार्यक्रम भनेर कोहीले पनि वहिस्कार गरेनन्। सो कार्यक्रमका वक्ताहरूमा चुडाबहादुर हमाल, पूर्व राजदूत यज्ञ आचार्य, विचाकार राणा, महेशकुमार उपाध्याय, पूर्व उपकुलपति भूपी शेरचन, महाप्रसाद रिजाल, श्यामप्रसाद अधिकारी थिए। सबैको ध्यान भूपीमाथि थियो। किनकि उनी सो समुहमै सबैको आकर्षणको केन्द्र थिए। उनलाई विद्रोह र व्यङ्ग्यले जतासुकै चिनाएको थियो। जब भूपीले अङ्ग्रेजीमा बोले त्यसपछी विचारमा साम्यवाद, बोलाइमा अङ्ग्रेजवाद भनेर कुरा गर्न थाले। यी र यस्ता उनका रमाइला प्रसङ्गहरू धेरै रहेका छन् जो चर्चा हुन र खोज हुन बाँकी नै छ।

**भूपीको अन्तिम धोको:** कवि भूपी शेरचनले २०४६ वैशाख १६ गते सुरेन्द्रबहादुर चौचनलाई अन्तर्वार्ता दिएपछि त्यही अन्तर्वार्ता नै उनको अन्तिम वार्ता हुन पुग्यो। यो हालसम्मको अनुसन्धानको परिणती हो। उनले वि.सं.२०४४ जेठ १ गते शुक्रवारका दिन आफू रहेको स्थान नारायणचौर, नक्साल काठमाडौंमा एक मन्तव्य लेखेका थिए। जुन वक्तव्य धेरै पाठकहरूले रूचिपूर्वक अध्ययन गरे जसमा भनेका थिए: 'मेरा प्रशंसक पाठकहरू तथा अन्य पाठकहरू र समीक्षकहरूमा एउटा भ्रम के परेको छ भने मेरो सिर्जनात्मक उर्जा सुकिसकेको छ। यस्तो भ्रम पर्नु स्वभाविक पनि हो। घुम्ने मेचमाथि... को प्रकाशनपछि मेरो रचनाहरू प्रकाशित रूपमा देखा परेनन् जसका कारण छन्: प्रथम कारण म लेखका लागि लेख्नमा विश्वास राख्दिनै त्यसो गरेको भए अहिलेसम्म मेरा कमतीमा तीनचारओटा कविता सङ्ग्रहहरू प्रकाशित भैसक्थे। तर घुम्ने मेचमाथि...बाट मैले जुन किसिमको प्रसिद्धी र लोकप्रियता प्राप्त गरें र उक्त कवितासङ्ग्रहका कविताहरूद्वारा मैले स्तरीयताको जुन शिखरलाई आरोहण गरेको थिएं त्यसपछि सम्भव भएमा सोभन्दा अगाडी शिखरको आरोहण गर्न चाहन्थें त्यसो गर्न नसके कमतीमा पनि त्यही शिखरको हाराहारीमा कविताहरू सिर्जना गर्न चाहन्थें, जुन सम्भव भएन। त्यसैले म निकै लामो समयसम्म साहित्यमा अलजीम हुन पुगी मलाई लाग्दैछ म अब पुनः स्वस्थ हुँदा र मेरो काव्य लेखन योजना साथ्य आमाको गर्भमा रहेको शिशुले आमा मर्दा ऊसरी संरक्षणको ती पनि दिलो चाँडो ऊसरी मनैछन्' अस्वस्थताका कारण तीव्र चाहना हुँदादेखि पनि साहित्यिक क्षेत्रमा धप कृति दिन नसकेको कुरालाई सङ्केत गरेर लेखिएको उनको यो मन्तव्य पछिल्लो समय जयदेव भट्टराइको सङ्लन तथा सम्पादनमा प्रकाशित साहित्यकार पर्चिचय र अभिव्यक्ति (२०५४) कृतिमा सङ्गृहीत रहेको छ।

यो मात्रै होइन, साझा प्रकाशनले उनको कृतिमा आफ्नो नाम भूपी शेरचनको 'पी' ह्रस्व लेखेपछि उनले तत्कालिन सञ्चालक समितिलाई एउटा पत्र नै लेखे। जुन पत्रमा उनले भनेका थिए, मेरा लागि अरू केही गर्न पर्दैन। भूपीको पी दीर्घ लेखिदिनुहोला। सोही कारण साझाले उनको धोको पुरा गरेर छाड्यो। पछिल्ला संस्करणहरूमा उनको नाम दीर्घ नै भएर आयो। साझाले प्रकाशन गरेको पछिल्ला संस्करणमा दीर्घ लेखिए तापनि अझै उनले यो धोको पुरा गर्न सकिरहेका छैनन्। हालसम्म पढेका साहित्य साधकका कृतिमध्ये प्रकाश सायमीको काठमाण्डू सेल्फी पुस्तकमा बाहेक कतिपय वरिष्ठ बाङ्मयिक साधकहरूले भूपीसंगका सन्दर्भ उल्लेख गरेर कृति प्रकाशन गरे तापनि उनीहरूले भूपीको पी ह्रस्व नै लेखेको पाइन्छ। गत वर्ष पोखरा उद्योग वाणिज्य संघको अमृत कक्षमा आयोजित भूपी पुरस्कार वितरण समारोहमा लेखिएको व्यानरको भाषालाई लिएर मैले सुरूमै टिप्पणी गरेको थिए यो वर्षको व्यानरको भाषा हेर्न बाँकी नै भए पनि मेरो मन्तव्य सुनिरहेका पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष सुरेश रानाभाटले टाउको हल्लाइरहेका थिए, त्यसैले पोयसपिले हालसालै सम्पन्न गरेको विशेष कवि गोष्ठीमा उनको धोको पुरा भएको देखिन्छ। विद्यालय र विश्वविद्यालयमा उनको धोको पुरा भएको पाइए तापनि नेपाली वाङ्मयप्रेमी धेरै साधकहरूले यस सन्दर्भलाई थाहा पाइरहन् वर्तमान समयको आवश्यकता र भूपीप्रतिको सच्चा सम्मान र यसैमा हामी सबैको कल्याण हुने छ।

## सहकारी संचालकहरुलाई पर्ल्स विश्लेषण तालिम

गोल्डेन न्यूज संवाददाता
पोखरा ९ पुस ।

सहकारी सञ्चालकहरुलाई ३ दिने पर्ल्स विश्लेषण तालिम आयोजना गरिएको छ। विहीवार सुरु तालिममा ३० वटा सहकारी संस्थाका ३० जना प्रतिनिधि सहभागी छन्। जिल्ला सहकारी संघ कास्की र कास्की बचत तथा ऋण सहकारी संघको आयोजनामा तालिम सुरु भएको हो। तालिम उद्घाटनका अवसरमा बोल्दै सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय कास्कीका पाध्याय बन्दीनाथ अधिकारीले सहकारीलाई व्यावसायिक बनाउन पर्ल्स विश्लेषण अनिवार्य भएको बताए। 'पर्ल्स विश्लेषणले सहकारीको सञ्चालन प्रणाली सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउँछ,' उनले भने। जिल्ला सहकारी संघका अध्यक्ष रविरमण तिवारीले सहकारी सञ्चालकहरुको क्षमता विकासका लागि संघले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताए। 'आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिन्छौं, उनले भने। बचत तथा ऋण सहकारी संघका अध्यक्ष भीम गुरुङले सहकारीको वित्तीय स्वास्थ्य परीक्षण गर्नेका लागि पर्ल्स प्रविधि महत्वपूर्ण रहने बताए। उनले भने, 'सहकारीको वित्तीय अवस्था सुधार्न पर्ल्स प्रविधि अनिवार्य छ।' सहकारी विज्ञ चन्द्रबहादुर ढकूरीले सहभागीलाई प्रशिक्षण दिएको संघका उपाध्यक्ष हरिभक्त पौडेलले जानकारी दिए। पर्ल्स लाई सहकारीको वित्तीय औजारका रुपमा लिइन्छ। वित्तीय अवस्थाको सुरक्षण, प्रभावकारी वित्तीय अवस्था, सम्पत्तिको गुणस्तर, प्रतिफलदर, वृद्धिको संकेत, तलरता अवस्था बारे अनुसन्धान गर्न पर्ल्स प्रविधि अनिवार्य हुन्छ।


प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३९८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३७७

**ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस**

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)


## खुशीको खबर !



के तपाईलाई लागोभागी भई छेभेभे गर्दै हुनुहुन्छ ? किला नगर्नुहोस्, अकलाको गउडो घर लगाउने देवी हुनुहुन्छ । साथै ढाड ईखेरो, बाथ, शुकी, बौंडापन हटाउने ग्याष्टिक,रक्सी पुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ० दिन र छुने गरेको १ वर्षपछिमात्र आउने ।*

**अकलादेवी धदेकी अधिकारी (सिस्वाधोप प्रतिष्ठालय नजिक)**
**वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८४५४५**

# अखिल क्रान्तिकारी जिल्ला सम्मेलनको तयारीमा

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

एमाओवादी निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) कास्कीले २०औं जिल्ला सम्मेलनको तयारी अन्तिम चरणमा पुगेको छ। सम्मेलनको तयारीलाई तीव्ररुपमा अघि बढाइएको र अन्तिम चरणमा पुगेको अखिल (क्रान्तिकारी) कास्कीका अध्यक्ष कृष्णराज दाहाल बताए ।

सम्मेलनलाई पुस ११ गते इन्जीनियरिङ अध्ययन संस्थान लामाचौरमा एमाओवादी महासचिव एवम् पूर्व गृहमन्त्री कृष्णबहादुर महरालें उद्घाटन गर्ने छन्। सम्मेलनमा २०० जना प्रतिनिधि/पर्यवेक्षक सहभागी हुने अखिल (क्रान्तिकारी) कास्कीका सचिव डेविड गुरुङले जानकारी दिए गुरुङका अनुसार सम्मेलनमा अखिल क्रान्तिकारी कास्कीका पूर्व अध्यक्षहरुलाई सम्मान गरिने कार्यक्रम छ। सम्मेलनको पूर्वसन्ध्यामा क्रान्तिकारीले जिल्लाका अधिकांश उच्च माविर मावितरुमा इकाई कमिटी गठन/पुनर्गठनको काम सम्पन्न गरेको दावी गरेको छ। क्रान्तिकारीले जिल्लामा चार टिम बनाएर अभियान संचालन गरेको क्षेत्र नं.-२ का संयोजक नारायण बडालले जानकारी दिए। बरालका अनुसार क्षेत्र नं.-१ मा सुशील लामिछाने, क्षेत्र नं.-२ मा नारायण बडाल, क्षेत्र नं.-३ मा ओमप्रकाश बराल र क्षेत्र नं.-४ मा लिलाधर आचार्यले संगठन निर्माण अभियानको नेतृत्व गरिरहेका छन्। संगठन निर्माणका अभियानकमीहरुले 'नयाँ संविधानमा शिक्षालाई मौलिक हकको रुपमा व्यवस्था गरेको भन्दै अबको सम्पूर्ण ध्यान संविधान कार्यान्वयनमा दबाब दिनु रहेको बताएका छन्। 'संविधानमा शिक्षा नीतिमा थुपै नयाँ कुरा आएका छन्। तर, कार्यान्वयन कसरी हुन्छ, त्यो मुख्य कुरा हो, त्यसका लागि हामी निरन्तर खबरदारी गर्छौं', अखिल क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य अमरदीप पराजुलीले भने।

क्रान्तिकारीका जिल्ला अध्यक्ष दाहालले २० औं जिल्ला सम्मेलन अरु सम्मेलनभन्दा मौलिक र रचनात्मक हुने दावी गरे। हामीले परम्परागत सम्मेलन गर्दै छैनौं। अखिल क्रान्तिकारीको संगठनलाई आजको स्थानमा ल्याउन योगदान गर्ने सबै पूर्व अध्यक्षहरुलाई सम्मान गर्दैछौं। त्यसैगरी प्रतिभा पुष्कुटन र रचनात्मक कार्यक्रम पनि सम्मेलनका अङ्ग हुनेछन्। त्यसैले यो सम्मेलन अरुभन्दा रचनात्मक हुने विश्वास लिएका छौं',-उनले थपे। दाहालले विभिन्न उपसमितिहरुले आफ्नो तयारी अन्तिम चरणमा पुऱ्याएको बताए। संगठन र इकाई निर्माण, प्रचार-प्रसार, आर्थिक संकलन, प्रतिवेदन लेखन र कार्यक्रम व्यवस्थापनको काम सकिएको उनले दावी गरे। क्रान्तिकारीले दक्षिणपन्थी अवसरवाद र फुटका विरुद्ध सशक्त संगठन, जनमुखी र समाजवाद उन्मुख शिक्षा प्राप्तिका लागि २० औं जिल्ला सम्मेलन नारा तय गरेको प्रचार समितिका संयोजक ओमप्रकाश बरालले जानकारी दिए।

# तालिम सम्पन्न

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (एनसेक) पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराद्वारा स्थानीय समुदायको शिक्षा, स्वास्थ्य र खाद्य अधिकारका लागि जिम्मेवार निकायलाई जवाफदेही बनाउनका लागि पहल (जिनिस) कार्यक्रम अन्तर्गत स्थानीय समुदायमा गठन गरिएको मानव अधिकार निगरानी समूहका पदाधिकारीहरुलाई तीन दिने तालिम सम्पन्न भएको छ। मानव अधिकार निगरानी समूहका पदाधिकारीहरुलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विभिन्न विषयहरुमा तिनदिनसम्म सञ्चालित तालिमको कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले एक समारोहका बीच उद्घाटन गरेका थिए।

कार्यक्रम समापनका अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र। एनसेक) पश्चिमाञ्चल क्षेत्रिय संयोजक शिव खकुरेलले तालिममा सहभागी सदस्यहरुलाई प्रमाणपत्र प्रदान गर्दै तालिममा सिकेका मानव अधिकारका विषयहरुलाई आ आफ्नो क्षेत्रमा कुशलतापूर्वक लागू गरेर स्थानीय जनताको अधिकारको लागि सकियतापूर्वक लाग्न सुझाएका थिए। सो अवसरमा सहभागीहरुका तर्फबाट प्रतिभा अधिकारी, शेखरनाथ चमेकर, गीता गौतामे, पुष्पराज त्रिपाठी, सरस्वती पौडेलले तालिममा सिकेको ज्ञान र सिपलाइ आजैदेखि आफ्नो कार्यक्षेत्रमा लागू गरेर मानव अधिकारका सवालमा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेका थिए। मानव अधिकार निगरानी समूह जिल्ला समिति कास्कीका अध्यक्ष पदमराज पहारीको अध्यक्षतामा भएको समापन कार्यक्रममा सञ्चालन इन्सेक कार्यक्रम संयोजक सवनव शमोले गरेकी थिइन ।

# स्वच्छ, स्वाभिमान, इमान्दार र चरित्रवाननै कांग्रेसको पहिचान–गुरुङ

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

कास्की जिल्ला ल्याइछेलेक निवासी नेपाली कंग्रेसका क्रियाशील सदस्य एवं नेपाली कंग्रेस इकाई सचिव कृष्ण दाहालकी ममतामयी माता लेखमाया दाहालको १३औं दिनको शोकसभा नेपाली कंग्रेसका समूहका पदाधिकारीहरुलाई तीन दिने तालिम सम्पन्न भएको छ। मानव अधिकार निगरानी समूहका पदाधिकारीहरुलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विभिन्न विषयहरुमा तिनदिनसम्म सञ्चालित तालिमको कास्कीका स्थानीय विकास अधिकारी रामचन्द्र तिवारीले एक समारोहका बीच उद्घाटन गरेका थिए।

कार्यक्रम समापनका अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र। एनसेक) पश्चिमाञ्चल क्षेत्रिय संयोजक शिव खकुरेलले तालिममा सहभागी सदस्यहरुलाई प्रमाणपत्र प्रदान गर्दै तालिममा सिकेका मानव अधिकारका विषयहरुलाई आ आफ्नो क्षेत्रमा कुशलतापूर्वक लागू गरेर स्थानीय जनताको अधिकारको लागि सकियतापूर्वक लाग्न सुझाएका थिए। सो अवसरमा सहभागीहरुका तर्फबाट प्रतिभा अधिकारी, शेखरनाथ चमेकर, गीता गौतामे, पुष्पराज त्रिपाठी, सरस्वती पौडेलले तालिममा सिकेको ज्ञान र सिपलाइ आजैदेखि आफ्नो कार्यक्षेत्रमा लागू गरेर मानव अधिकारका सवालमा अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेका थिए। मानव अधिकार निगरानी समूह जिल्ला समिति कास्कीका अध्यक्ष पदमराज पहारीको अध्यक्षतामा भएको समापन कार्यक्रममा सञ्चालन इन्सेक कार्यक्रम संयोजक सवनव शमोले गरेकी थिइन ।

चरित्रवान कार्यकर्ता नै नेपाली कंग्रेसको पहिचान भएको बताए। नेपाली कंग्रेस कास्कीका सचिव कृष्ण के.सी.ले आगामी अधिवेशनबाट सही नेतृत्व प्राप्त गरे कंग्रेसको संगठन मजबूत हुने बताए।

त्यसैगरी नेपाल तरुण दलका केन्द्रीय सदस्य ऋषिराम काफलेले स्व.दाहालले गरेका असल कामको अनुसरण गर्नुपर्ने बताउँदै अबको अधिवेशनमा पार्टीको नेतृत्व युवामा हस्तान्तरण हुनेमा विश्वास व्यक्त गरे। कार्यक्रममा नेपाली कंग्रेस क्षेत्र नं.४ का सभापति आइबहादुर गुरुङ, सदिद हरिबहादुर प्रतिष्ठानका सचिव टिकाबहादुर गुरुङ लगायतले मन्तव्य राखेका थिए।

कार्यक्रममा नेपाल तरुण दल कास्कीका अध्यक्ष मनोज गुरुङ, नेता पोषनाथ शर्मा, खुसीमान गुरुङ, देवेन्द्र कुमार शेरचन, दीपक गुरुङ, अधिवक्ता दीपक पौडेल, भरतजंग कुँवर, लोक घले, आशवहादुर गुरुङ, अर्जुन पौडेल, कमला बराल, मनबहादुर वि.क.लगायतका नेताहरुको उपस्थिति रहेको कार्यक्रमको संचालन इकाई सचिव तारानाथ अधिकारीले गरेका थिए। उक्त अवसरमा स्व.दाहालका छोरा कृष्ण दाहालले उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेका थिए।

# टुरिजम सिटी लायन्सको मधुमेह सचेतना

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

लायन्स क्लब अफ पोखरा टुरिजम सिटीको आयोजनामा मधुमेह सम्बन्धी सचेतना, परामर्श तथा निःशुल्क परीक्षण कार्यक्रम विहीवार पोखरामा सम्पन्न भएको छ। हिमालयन डुग कम्पनी तथा सञ्चो मेडिकल हलको प्राविधिक सहयोगमा सम्पन्न कार्यक्रममा १ सय १० जना व्यक्तिले मधुमेह सम्बन्धि निःशुल्क परीक्षण गरेका थिए। कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रीय अस्पतालका डा. विनोद पौडेलले मधुमेहबाट बच्ने उपाय, लागेपछि देखिने लक्षण, दैनिकीमा गर्न पर्ने सुधार, रोगका बारेमा प्रचलित भ्रम र यथार्थका बारेमा सचेतना प्रदान सामारी प्रस्तुत गरेका थिए। उनले रोग लाग्न भन्दा लाग्न नदिन नै बेश भन्दै यसले शरिरका प्रत्यक भंगमा असर पुऱ्याउने हुँदा खानपान र शारिरिक व्यायाममा गाँभिर बन्नुपर्ने बताए। कार्यक्रमका प्रमुख अतिथी पिएमाँसिस लायन प्रेमबहादुर श्रेष्ठले डरले मिसाबटयुक्त पेट्रोलियम पदार्थ नराख्ने जेनी शरिरलाई अनावश्यक खाचबस्तु नखाने हो भने शरिरकी इन्जिन पनि नविग्ने बताए। उनले मानिस आफ्नो सामानमा जस्तै आफ्नो स्वास्थ्यमा पनि सजग भए रोग लाग्न बाट बच्न सकिने उपाए सुझाए। क्लबका अध्यक्ष लायन प्रदिप कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा हिमालयन ड्रग्स कम्पनीका आरएम जयन्द्र सिंह राठौर, क्लबका प्रथम उपाध्यक्ष लायन सुदिप पौडेल, सचिव लायन सन्जय मल्ल, सहसचिव लायन किसन गिरी लगायतले बोलेका थिए । कार्यक्रम क्लबका आफ्नो सामानमा जस्तै आफ्नो स्वास्थ्यमा पनि सजग भए रोग संयोजकत्वमा सम्पन्न भएको हो।

# 'सडक महोत्सवमा ग्यासको सहज आपूर्ति'

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

भारतीय नाकाबन्दी यता इन्धन अभावका कारण निर्यामत मेनुमा कटौती गरेका लेकसाईडका रेष्टुरेण्टले सडक महोत्सवको वेला भने चाहेको खानेकुरा दिन सक्ने दावी गरेका छन्। महोत्सवको लागि रेष्टुरेण्टलाई चाहिने आवश्यक इन्धनको जाहो गरिएकाले पहिलाले चाहेको खानेकुरा पाउने आयोजक रेष्टुरेण्ट एण्ड बार एशोसिएशन रेवान पोखराका अध्यक्ष गोपी बहादुर भट्टराईले बताए। 'नाकाबन्दीपछि नियमित खानेकुरा पनि दिन नसकिएको अवस्था हो तर पनि महोत्सवको लागि छुट्टै व्यवस्था गरेका छौं' भट्टराईले भने। स्थानीय प्रशासनसँग समन्वय गरी महोत्सवको लागि इन्धनको जाहो गरिएको उनले जानकारी दिए। पुस १३ देखि पाँच दिनसम्म चल्ने महोत्सवमा जुनसुकै रेष्टुरावाट पनि पाहुनाले चाहेको खानेकुरा पाउने उनले बताए ।

महोत्सवको लागि १५ प्रतिशत छुट सहितको छुट्टै मेनुको व्यवस्था गरिने आयोजकले जनाएको छ। सडक महोत्सवका वेला लेकसाईडका होटल रेष्टुरेण्टले चरम कालोबजारी गर्दै खाना बस्नमा अत्याधिक मुल्य असुल्दै आएको गुनासो बर्सेनी सुन्ने गरिन्छ। पश्चिमाञ्चल होटल संघले महोत्सव अवधिमा होटलमा ३० प्रतिशत सम्म छुट दिने बताएको छ। प्रत्येक अंगेठी नयाँ वर्षको अवसर पारेर रेवान पोखराले विगत १७ वर्षदेखि सडक महोत्सव गर्दै आएको छ। यो महोत्सवको १७ औं संस्करण हो। महोत्सवको अवसरमा लेकसाईडको ५ किलोमिटर क्षेत्रमा सडकमै टेबुल कुर्सी राखेर खाने रमाउने व्यवस्था मिलाउने गरिन्छ।

# कांग्रेसका...

*पुऱ्याउन सक्ने नेतृत्व अबको १३औं महाधिवेशनबाट आउनुपर्ने बताउदै नेता खड्काले संविधानको कार्यान्वयन गर्नका लागि अर्को संसदीय र स्थानीय निर्वाचन हुनुपर्ने र निर्वाचन गर्न कांग्रेसले अगुवाइ र नेतृत्व गर्नुपर्ने बाँची औंल्याए । कांग्रेसको १३औं महाधिवेशन बाट आउने नेतृत्वले मुलुकको संरचना र संविधान अनुरुप कांग्रेसलाई अघि बढाउन नयाँ नियमावली बनाउनुपर्ने र त्यसलाई केन्द्रदेखि बडा तहसम्म कार्यान्वयनमा लैजान भूमिका खेल्नुपर्नेमा नेता खड्काको जोड थियो ।*

*भूकम्पपछिको पुर्नानिर्माण, नाकाबन्दी, मधेशको समस्या समाधान र संविधान संशोधन लगायतका महत्वपूर्ण जिम्मेवारीहरु पुरा गर्न तीन दलवीचको एकता कायम रहनुपर्नेमा जोड दिदै नेता खड्काले दलहरुबीच सहकार्य हुँदा कांग्रेस नेतृत्वको सरकारले संसदमा प्रस्तुत गरेको प्राधिकरण विधेयक र संविधान संशोधन विधेयक पारित नभएको बताए ।*

*उनले भने- कांग्रेसले समति तोडेर हिंड्दा ३ महिनासम्म कुनैपनि विधेयक पारित हुन सकेन । जब तीनै नेताहरु बालुवाटार पसे तबमात्र केहीदिन अघि दुवै विधेयक संसदवाट पारित भयो । उनले मुलुकको समस्या समाधान नेपाली कांग्रेसलेमात्र गर्न सक्ने भन्दै अहिलेको मधेश आन्दोलन र नाकाबन्दीमा समेत कांग्रेसले सार्थक पहल गरेनपर्नेमा जोड दिए । उनले जसरी संविधान घोषणा गर्दा पार्टीका सबै नेताहरु एकढिक्का भएका थिए त्यसैगरी नयाँ नेतृत्व चयन गर्दा पनि एकढिक्का हुनुपर्नेमा नेता खड्काले जोड दिए । पार्टीका सबै नेताहरु एक ढिक्का भएमात्र कांग्रेस बलियो हुने र मुलुक संवृद्धिको बाटोमा अघि बढ्ने उनको तर्क थियो । चैतावनीपूर्ण भाषामा उनले भने- 'कांग्रेसको कोभमा मुलुकको जिम्मेवारी छ, जनतालें पनि कांग्रेसमाथि भरोषा गरेका छन्। कांग्रेस विवादित भए अघि बढ्यो भने मुलुक गम्भीर गोडतर्फ उन्मुख हुन्छ । त्यसको जस कांग्रेसले नै लिनुपर्छ ।'*

*कार्यकर्ता माझ कास्की कांग्रेस सभापति एवं सांसद यज्ञबहादुर थापा, पूर्व सभापति शुक्राज शर्मा, उपसभापति विष्णु बांस्तोला, सांसदहरु शारदा पौडेल र वृन्दादेवी राणा सहभागी थिए ।*


## हार्दिक बधाई एवम् शुभकामना

गणेश बहादुर थिङ मगरीलाई तम्

हाम्रा आफन्तमाथि झुठा आरोप लगाएपछि मगरीलाई सान्त्वना दिन आएका स्थानीय वडा नं.३ का पूर्व उपाध्यक्ष पुरुषबहादुर कामीसँग स्थानीय वडा नं.३ का पूर्व सभासद पोखरा-१, धरापानी भन्ने ठाउँका) श्री गणेशबहादुर तम् र श्रीमती चित्रकुमारी तम् आजबाट ५० हजार डिपोजल र ४ हजार जीवनी ५ हजार प्रतिशत पुरा गरी ८.७ प्रो लाभमा प्रवेश गरी ८.७ प्रो.ग्रा.को संचालनकर्ता सुवम्भन्न भट्टराईको उपस्थितमा उहाँहरुको पुष्प, प्रतिक तथा टोपीहरुको कलमा श्री हार्दिक बधाई एवम् शुभकामना व्यक्त गर्नुभयो।

खरो/खुर्पाहरु
प्रकाश थम्/सबीना तम्
छबु प्रकाश/दुलमी तम्

छरी/जयाहरु
कुमार भाजा/हीम बहादुर तम्
सुधी तिल कुमारी तम्
कमला ढेवी/नेत्र बहादुर तम्

माती/जातिलीहरु
रोजनी तम्
सलजा तम्
प्रकाश तम्
अमलीशोभा तम्
समत्र तम्

तथा
सम्पूर्ण तम् परिवार
भद्रोरेलगामी-१, शिवाले



## अनेक समस्या सफल उपचार

**ओष्टिक** खाना सँघ बहुने, अमिलो पानी आउने, भोजिसत दुर्गन्ध आउने जस्तो सुकै पुरानो न्यास्ट्रिकको सफल उपचार ।

**थीन समस्या**: लिङ्ग स्खलन, उत्तेजना बहुने, लिङ्ग पिलाउने, स्खलन हुँदा जस्तो सुकै पुरानो न्यास्ट्रिकको सफल उपचार ।

**महिला सम्बन्धि समस्या**
महिनावारी अनियमीत, सेतोपानी बग्ने, योनी पिलाउने, तल्लो पेट दाह्रे कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धब्बा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन सताताम्ना कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

**जोड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने**

**सुन्दरता**:- कालो थाप्रो पोतो, डुण्डिइपरेर, डाम धब्बा, मस्किया, कोढी, घाउपस्चिम हटाई पुरै शरिर गोरो बनाउने ।

**थप उपचार**:- ऐसर, सुनर, जण्डिश, पिलास, पाइल्स, इम्म साथै बाथ, डाइ कम्मर, हाड जोर्ने पुरै शरिर इ.खाई ठिक पार्ने सफाइ लैब ।

**चिताल आयुर्वेद फर्मा**
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवल भित्र
फोन नं.०६१-५३१८६७, ०६-५२२६१४८, मो. ९८४६१२७४९८



## बैंक ब्यालेन्स

बैंक ब्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्पर्क नुहोस् ।
**सम्पर्क**
**९८२६५१-०६६०२**



## विदेश जानेहरुका लागि सुवर्ण अवसर

**Macow, Abudabi** को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुबई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस श्री.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन मैरेहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरु** :-
- ◇शालप्रतिशत उत्तीर्ण गराउन सफल ◇आफ्ने समयबार कम्पनीबाट छोसत गराइने ।
- ◇१ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

**उत्तरवर्ति छलाछल नइरहेको छ ।**

**सम्पर्क** फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेस कम्प्लेक्स सटर नं ३०,
फोन:०६१-५३०२२, मो: ९८४५०-४१९९२



## "रंगहरुको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

**योर्स ट्रेड कन्सर्न**

*एशियन पेन्टस, रोयल इस्पायराका साथै सिपेजको समस्या साधान , वाटर प्रुफिङ गरिन्छ ।*

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट



## STUDY, WORK & LIVE IN MALTA

Apply without IELTS | SLC Passed or +2 students can apply

- European Union Member/Schengen Territory.
- Work while studying.
- Affordable Tuition fee.
- Low entry requirements.
- High Visa Success Rate.
- Easy Documentation.
- Refusal from USA/UK/Ireland/ Australia/New Zeland are welcome.

Min Req.: SLC, +2 or eqvl.
IELTS: not required!
*Hurry Up !*
*Limited Seats for Nepali Students*

ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
www.royalien.com

Chipledhunga
2nd Floor, Batas Malla Complex, 061-551041
Ranipauwa
H#50, Infront of NTC, 061-533386
Email: info@royalien.com | Web www.royalien.com



## सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**World Int'l Travels & Tours Pvt. Ltd.**
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747



जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०६८७

## पञ्चमुखी लक्ष्मी सप्लायर्स

हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी गाहिएमा हामीलाई सम्झनुहोस् ।



## पोखरामा पहिलो पटक

- लौखडुँक : लिङ्को साइज, पावर बढाउन, लिङ्ग स्खलन रोक्न, विस्व विख्यात हर्बल स्टिमुलेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, सुनाइ कसिलो बनाउन, पेटको घिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builde घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी घुरोट, खैनी, गाँजा तथा कुरा छुटाउने।
- दौड तथा जोगी दुवाई ठिक पार्ने, सम्पै सुधा पेवलिस।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

**पोखरा हर्बल होम्स**
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

# उच्च भारका कारण ट्रान्सफर्मर बिग्रनेक्रम बढ्दो

## दैनिक ५ वटासम्म बिग्रियो, कर्मचारी र नागरिक दुवैलाई सास्ती

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

लामो तराई बन्द र नाकाबन्दीका कारण इन्धन र एलपी ग्यासको आवश्यक आपूर्ति नहँदा विद्युतको प्रयोग बढ्दो छ । दैनिक ११ घण्टा बढी लोडसेडिङ हुँदा विहान बेलुका एकैपटक सबैले विद्युतको उपयोग गर्दछन् । सबैले विद्युतीय उपकरणको एकै अत्यधिक उपयोग गरिँदा विद्युतको उच्च भारका कारण पोखरामा महिना दिनमै दुई दर्जन बढी ट्रान्सफर्मर बिग्रिएका छन् । नागरिकले एकै समयमा उपकरणको अत्यधिक प्रयोग गर्न थालेसँगै पोखराका विभिन्न स्थानमा रहेका २६ वटा ट्रान्सफर्मर बिग्रिएको नेपाल विद्युत प्राधिकरण प्राधिकरण पोखरा वितरण केन्द्रले जनाएको छ । बिग्रिएका ट्रान्सफर्मरमध्ये केहि जलेर कामै नलाग्ने अवस्थामा पुगेको छ भने कहि मर्मतपछि प्रयोगमा ल्याउन सकिने प्राधिकरण केन्द्र पोखरले जनाएको छ ।

विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रका अनुसार पोखराको पृथ्वीचोक, नागढुङ्गा, सृजनाचोक, बिरौकिरी, रत्नचोक, रामबजार, चिरौटा, छोरेपाटन,पृथ्वीकारी, अमरसिंहचोक, रानीपौवा, हस्पिटल चोक, बगर, महरियाटोल, विन्ध्यवासिनी, लेकसाईड, हल्लचोक, वैदाम र राष्ट्रबैंकचोक लगायतका स्थानहरुमा नियमित जस्तै ट्रान्सफर्मर बिग्रिन पुगेका छन् । जसका कारण जनता समेत आजित भइसकेका छन् । छिनछिनमा बत्ति आउने र छिनछिनमै जाने भएका कारण महंगोमा किनिएका टिभि लगायतका इलेक्ट्रोनिक सामग्री समेत साँढे विगिने गरेको नागरिकको गुनासो छ ।

नेपाल विद्युत प्राधिकरण खरिद विक्री केन्द्रले ट्रान्सफर्मर खरिद गर्न नसकेपछि मर्मतकै भरमा विद्युत आपूर्ति गर्दै आएको पोखरा केन्द्रले जनाएको छ । केन्द्रले केहि अधि ५ सय थान स्टक ट्रान्सफर्मर उपलब्ध गराएपछि केहि सजब भएको प्राधिकरण पोखरा वितरण केन्द्रका प्रमुख सुरज गौतमले बताए । उनले भने-'हामीसंग स्टकका ट्रान्सफर्मर समेत सीमितमात्रमा छन । पुरानो विग्रिएका ट्रान्सफर्मर मर्मत गर्न समेत समय लाग्छ ।' पोखरामा एकैपटक धेरै ठाउँमा ट्रान्सफर्मर विग्रिएपछि त्यसलाई मर्मतका लागि हेटौडा औद्योगिक क्षेत्र लान्पर्ने बाध्यताले समयमै सेवा दिन नसकिएको उनले स्वीकार गरे ।

पोखरा केन्द्रका इन्जिनियर विलिप मरासिनीका अनुसार विद्युत भारले ट्रान्सफर्मरमा अत्यधिक चाप बढेपछि ट्रान्सफर्मर पड्किने र जल्ने समस्या बढेको छ, पोखरा आसपासमा एकै दिन ४/५ वटासम्म ट्रान्सफर्मर बिग्रिने गरेका छन् चने फ्यूज दर्जनौं ठाउँमा जाने गरेका छन् । यसबाट नागरिकमात्र होइन प्राधिकरणका कर्मचारीले समेत सास्ती व्यहोर्दै आएका छन् । 'पोखरा क्षेत्रमा दैनिक जसो ट्रान्सफर्मर बिग्रने र दर्जनौं

स्थानहरुमा विभिन्न समस्याहरु देखिन थालेपछि मर्मत सम्भार गर्न समेत कर्मचारीलाई हम्मे-हम्मे परेको छ, सीमित कर्मचारीलाई कामको चाप भाकलै सामान्य मर्मत गर्न समेत समस्या भएको छ'-उनले भने । केही दिनअघिमात्र पृथ्वीचोक र सृजनाचोकमा नयाँ ट्रान्सफर्मर जडान गरिएको उनले बताए ।

यता, विद्युतको बढी प्रयोग हुने समय विहान बेलुका विद्युत प्राधिकरणले लोडसेडिङको समय बढाएर अन्याय गरेको सर्वसाधारणले गुनासो गर्दै आएका छन् । 'प्राधिकरणले दैनिक ११ घण्टासम्म लोडसेडिङ गर्ने र बत्ति आएको समयमा पनि भाकलाईट मात्र आउने हुंदा निकै समस्या भएको पृथ्वीचोस्थित होटल हरिकृष्णका संचालक भिमसेन घिमिरेको गुनासो छ 'चाहिएको समयमा बत्ती नै आउँदैन, आएको समयमा समेत डिमलाईट आउछ । खाना पकाउने त कुरै छाडौं, टेवाईलेट र बाथरुममा प्रयोग गर्न समेत पानी भर्न नपाइने अवस्था छ'-उनको गुनासो छ । नेपाल विद्युत प्राधिकरण पोखरा वितरण केन्द्रका अनुसार पोखरा क्षेत्रमा मात्र दैनिक ३२ मेगावाट विजुलीको माग छ । तर यस क्षेत्रमा जम्मा १२ मेगावाट मात्र विजुली आपूर्ति हुने गरेको छ । प्राधिकरण पोखरा केन्द्रबाट मात्र मासिक ७० हजार ग्राहकबाट ८ करोड रुपैयाँ बढी महसूल संकलन हुन्छ ।

## परीक्षा आजदेखि

**पोखरा ९ पुस ।**

पश्चिमाञ्चलस्थित केन्द्रित गरी साकार एकेडेमी पोखरा र वैतन्य इन्स्टिच्युट अफ ब्यानेज्मेन्ट काठमाडौंको संयुक्त आयोजनामा पोखरामा शुक्रवार (आज) देखि शाखा अधिकृत पदको विशेष तयारी कक्षा सुरु हुँदैछ । जनप्रिय बहुमुखी क्याम्पसको व्यवस्थापनमा पुस १० देखि १५ गतेसम्म हुने उक्त तयारी कक्षामा प्रथम चरणको पाठ्यक्रममा केन्द्रित रही कक्षा संचालन हुने साकार एकेडेमीका प्रमुख निर्देशक राजेन्द्र पौडेलले जानकारी दिए । उनका अनुसार उक्त कक्षामा १ सय ५० जना विद्यार्थी सहभागी गराइ विषयविज्ञले प्रशिक्षण दिने छन् । कक्षा विहान १० बजेदेखि संचालन हुनेछ । यसअघि पनि पोखरामा साकार एकेडेमी पोखरा र चैतन्य इन्स्टिच्युट अफ ब्यानेजमेन्टको संयुक्त आयोजना तथा सामान्य प्रशासन मन्त्रालय र यूएनडीपीको सहयोगमा शाखा अधिकृत पदको नि:शुल्क आँभमुखीकरण कक्षा सम्पन्न भैसकेको थियो । लोकसेवा आयोगले यस वर्ष समावेशीसहित झण्ड ६ सय पदमा विज्ञापन गरेको छ । प्रथम चरण उत्तीर्णपछि मात्र अन्य चरणमा प्रशिक्षायी सहभागी हुन पाउने व्यवस्था छ ।

## नगरपालिकाका...

*व्यवसायीको मापदण्ड तयार भई सम्बन्धित पसलमा टाँस गर्ने, कबाडी तथा अटोमोबाइल पसलको अनुगमन व्यवस्थापन कार्य शुरु गर्ने, काञ्जिहाउस निर्माण गर्ने फोहरमैला व्यवस्थापनको तालिकालाई व्यवस्थित गर्ने, जथाभावी फोहरमैला फाल्नेहरु माथिको अनुगमनलाई जारी राख्ने लगायत करारमा सर्भिटएका अन्य वुँदाहरुमा आगामी नगरपरिषदको पूर्व तयारीमंग पनि सम्बन्धित छन् ।*

# भाँडा व्यवसायीलाई व्यवसाय व्यवस्थापन तालिम

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

पोखरामा रहेर भाँडा व्यवसाय गर्ने व्यवसायीहरुले पाँचदिने व्यवसाय व्यवस्थापन तालिम लिएका छन् । पोखरा उद्योग वाणिज्य संघ र औद्योगिक व्यवसाय विकास प्रतिष्ठानको संयुक्त आयोजना तथा पोखरा भाँडा व्यवसायी संघको सहयोगमा तालिम आयोजना भएको हो । तालिममा २५ जना व्यवसायीहरुको कार्यक्षमतामा वृद्धि हुने अपेक्षा गरे । संघको विधान संशोधनपछि वस्तुगत संघहरुलाई संस्थागत सदस्यताको अवसर प्राप्त भएको र विधान संशोधन अभियान वस्तुगत संघहरुके कारण सम्भव भएको उनको भनाइ थियो । उनले व्यवसायीहरुले अबका दिनहरुमा संयुक्त लगानीलाई जोड दिदै अगाडि बढुनुपर्ने समेत बताए ।

तालिममा सहभागिहरुलाई सदस्यहरुको क्षमता अभिवृद्धि गर्ने क्रममा यो तालिम आयोजना गरिएको संघका महासचिव रवीन्द्रबहादुर पजुले जानकारी दिए । तालिम समापनको अवसरमा बोर्दी संघ तथा कार्यक्रमका अध्यक्ष विन्दुकुमार थापाले तालिमपछि व्यवसायीहरुको कार्यक्षमतामा वृद्धि हुने र वीरेन्द्र वैद्यले प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए ।

समापनको अवसरमा बोर्दी भाँडा व्यवसायी संघका अध्यक्ष कुश काकीले वस्तुगत संघहरुलाई संक्षम बनाउँदै यस्ता तालिम आफै आयोजना गर्न सक्ने बनाउन पोखरा उद्योग वाणिज्य संघसँग सहयोगको अपेक्षा गरे । तालिमका प्रशिक्षक रामप्रसाद तिवारीले व्यवहारमा उतारिमात्र तालिमको महत्व बढ्ने बताए । सहागीहरुलाई नविना श्रेष्ठ र बसन्त तिमिल्सिनाले तालिमले आफ्नो हरुलाई नयाँ जानकारी दिएको बताए ।

# भूकम्प प्रभावित बालबालिकालाई शैक्षिक सामग्री र ड्रेस

**गोल्डेन न्युज संवाददाता**
**पोखरा ९ पुस ।**

तनहुँको खैरेनीटार टुँडा घर भै हाल जापान निवासी उमा गुरुङले बुधबार लम्जुङको सुन्दरबजार स्थित आदर्श बाल उच्चमाविका भूकम्प प्रभावित बालबालिकालाई शैक्षिक सामग्री र ड्रेस हस्तान्तरण गरेकी छन् । सो विद्यालयमा अध्ययनरत १७ जना बालबालिकालाई कापी, कलम र ड्रेस हस्तान्तरण गरेको उनले जानकारी दिइन । त्यसैगरी हिजो उनले कास्कीका विभिन्न ३ वटा विद्यालयमा विद्यालय पोशाक र कापी कलम हस्तान्तरण गरिन् । उनले ती विद्यालयमा भूकम्पबाट प्रभावित अत्यन्तै विपन्न बालबालिकालाई ती शैक्षिक सामग्री र पोशाक हस्तान्तरण गरेकी हुन् ।

कास्कीको रिभान स्थित निरुपक्ष माविका ५ जना बालबालिका, हरिप्रसाद निमावि खोरको मुखका विपन्न बालबालिका तथा श्री वराह उच्च माबि भेडाबारीमा अध्ययनरत भूकम्प प्रभावित तथा विपन्न बालबालिकालाई शैक्षिक सामग्री तथा पोशाक हस्तान्तरण गर्दै उनले बालबालिका भूकम्पले प्रभावित भएपनि पढाईमा कुनै असर नगरोस भन्ने आफ्नो धारणा रहेको बताइन । भेडाबारी उच्चमाविमा भर्खरै गोर्खा र ग्राडिङवाट भूकम्प प्रभावित भएर आएका दुई बालबालिकाले समेत सो शैक्षिक सामग्री प्राप्त गरेका छन् । उनले ती विद्यालयहरुमा करिव ५० हजार बराबरको शैक्षिक सामग्री र पोशाक हस्तान्तरण गरेको बताइन ।

उनले बालबालिकाका लागि पनि सोही प्रकारको शैक्षिक सामाग्री वितरण गर्ने जानकारी दिइन । 'यो मेरो नितान्त व्यक्तिगत लगानी हो, मैले भूकम्पले पारेको असर बालबालिकामा नपरोस् भन्ने हेतुले २ लाख रुपैयाँ बराबरको शैक्षिक सामग्री तथा पोशाकको लागि छुट्याएकी छु,उमाले भनिन्-मैले नितान्त भूकम्प प्रभावित र असहाय बालबालिकालाई मात्र एक वर्षको लागि पनि शैक्षिक सामाग्री हस्तान्तरण गर्ने कोशिस गरेकी हुँ, तर सिलैमा शैक्षिक सामग्री बिद्यार्थीले पाउने भएपछि महादेवका विनेत्र जस्ती गरी केही अविभावकहरुले विद्यालयमा राजनीति गरेर शैक्षिक सामग्री दुरुपयोग गर्ने चेष्टा पनि गरेको कांग्रेस कास्कीका नेता भोजबहादुर गुरुङले जानकारी दिए । सो रकम हस्तान्तरण कार्यक्रममा नेपाली कांग्रेस कास्कीका नेता भोजबहादुर गुरुङ, नेविसंघ केन्द्रीय सदस्य सरोज केसी र तरुणदल रामबजार वडा इकाई अध्यक्ष प्रेमलाल पुन लगायतले आ-आफ्ना भनाई राखेका थिए ।

सुनौली पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अमृधर पराजुली, निर्देशक हरिमणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौली भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा